## २०७९ साल असार १४ गते मंगलवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: मालपोत कार्यालय ओखलढुङ्गाको कार्यक्षेत्र भित्रका घरजग्गाहरुको रजिष्ट्रेशन हुने लिखतमा थैली अङ्क कायम गर्ने प्रयोजनार्थ जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्नको लागि मानेभन्ज्याङ गाउँपालिकाको क्षेत्रभित्रका जग्गाहरुको न्यूनतम मूल्याङ्कन आजको कार्यपालिका बैठकबाट छलफल गरी तपसिल बमोजिम हुने निर्णय गरियो ।

तपसिल:

1. मानेभन्ज्याङ गाउँपालिकाको क्षेत्रभित्र पर्ने 2 नम्वरमा उल्लेखित कित्ताहरु बाहेक सम्पूर्ण जग्गाहरुको न्यूनतम मूल्याङ्कन गर्दा चालु आ.व.२०७८/७९ मा भएको दररेटको १५% का दरले थप हुने गरी मूल्याङकन गर्न मालपोत कार्यालय, ओखलढुङ्गामा सिफारिस गर्ने निर्णय गरियो ।
2. साविक टोक्सेल गा.वि.स. वडा नं. २ र हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ हर्कपुरटारका निम्न कित्ता नम्वरहरु विशेष मूल्याङ्कनमा परेको र ति जग्गाहरु साधारण प्रकृतिका भएकोले मूल्याङ्कन घटाइ साधारण दररेटमा राख्ने निर्णय गरी सिफारिस गर्ने निर्णय गरियो। कित्ता नं. ११९८, ११२१, १११७, ११२०, १११९, ११५१, ४९१, १०५४, १०५५, २८०, २८२ ।

निर्णय नं.२. : यस गाउँपालिकाको वडा नं. ७, टोक्सेलको श्री स्वर्णान्तर आधारभूत विद्यालयको मिति २०७९/०३/०१ को चलानी नं. ३७ को पत्रानुसार तथा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०३/०१ को बैठकको निर्णय अनुसार विद्यालयमा रहेका काममा नआउने पुराना जस्तापाता, काष्ठ सामग्री तथा दाउराहरु लिलाम प्रक्रियाद्वारा बिक्री गर्नु पर्ने भएको भनी गाउँपालिकामा अनुमति माग भएको हुँदा कानुनमा भएको कानुनी व्यवस्था अनुसार आवश्यक प्रक्रिया पुरा गरी लिलामी गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३. मानेभन्ज्याङ गाउँपालिका अन्तरगत यस गाउँपालिकाको विभिन्न शाखामा विभिन्न पदमा कार्यरत तथा वडा कार्यालयहरुमा कार्यरत, करारका सम्पूर्ण कर्मचारीहरुको म्याद ६ महिनाको लागि थप गर्ने निर्णय गर्दै आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो । कोभिड अस्पतालका स्वास्थ्यका कर्मचारीहरुको ३ तीन महिना मात्र करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. मानेभन्ज्याङ गाउँपालिका नामको अक्षर सम्न्धमा छलफल गरियो । आजको बैठकमा "मानेभन्ज्याङ" कि "मान्नेभन्ज्याङ" लेख्ने भन्ने विषयमा भएको छलफलमा नेपाली व्याकरण अनुसार "मानेभन्ज्याङ" नै शुद्ध हुने र प्रचलनमा रहेको हुनाले "मानेभन्ज्याङ" को साटो "मानेभन्ज्याङ" भन्ने नै प्रयोग गर्ने निर्णय गरियो । साथै सम्बन्धित निकायमा यसै निर्णय अनुसार नै नाम प्रयोग गर्न हुन अनुरोध गर्ने निर्णय गरियो ।